स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

नेपाली फिल्म 'ऐंचो पैंचो' भदौको १४ गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । कृषा चौलागाईंको डेब्यू निर्देशन रहेको फिल्ममा शीर्षमध्येको एक पात्रको भूमिकामा छिन् अभिनेत्री वर्षा राउत । गत वर्षको कातिकमा प्रदर्शनमा आएको 'लाखे'पछि नयाँ फिल्ममा नदेखिएकी उनी 'ऐंचो पैंचो'लाई लिएर उत्साहित छिन् । वर्षा आफूलाई हरेक फिल्म आउँदा पहिलो फिल्म रिलिज भएको जस्तो महसुस हुने बताउँछिन् ।

आजको विचार...

अनुत्पादन...
(दुई पेजमा)

गुरुराज घिमिरे

भर्सटायल अभिनेत्री हुन् स्वस्तिमा खड्का । 'चिसो मान्छे'पछि फिल्ममा नदेखिएकी उनी एक वर्षको अन्तरालपछि नयाँ फिल्मका साथ आउँदैछिन् । स्वस्तिमाको शीर्ष भूमिका रहेको फिल्म 'ऐंचो पैंचो' भदौंको १४ गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । टिजर र ट्रेलर हेर्दा फिल्म राजनीतिक परिवेशमा निर्माण भएको आकलन गर्न सकिन्छ । हालै फिल्म प्रचार-प्रसारका क्रममा भेटिएकी स्वस्तिमाले भने आफूले 'ऐंचो पैंचो'लाई राजनीतिकभन्दा सामाजिक कथा भन्न रुचाउने बताइन् ।

❐ वर्ष २९ ❐ अंक ३७ ❐ २०८० भदौ ५ गते मंगलबार 22 August 2023, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

पाल्पामा पनि फैलियो आँखा पाक्ने प्रकोप

अस्पतालमा विरामीको चाप

रामचन्द्र रायमाझी

पाल्पा, भदौ ४/केही दिनयता पाल्पासहित देशका अधिकांश जिल्लाहरुमा आँखा पाक्ने रोग फैलिरहेको छ । चिकित्सकीय भाषामा यो रोगलाई 'एडिनो भाइरस कन्जन्टिभाइटिस' पनि भनिन्छ । प्राय: गर्मी मौसममा बढी फैलिने यो रोगबाट युवायुवती र बालबालिका बढी संक्रमित भएका छन् ।

पाल्पाका अधिकांस अस्पतालहरुमा आँखा पाकेका बिरामीको भीड बढेको अस्पतालहरुले जनाएका छन् । नेपाल नेत्र ज्योति संघ अन्तर्गत पाल्पा लायन्स लाकौल आँखा अस्पताल, रामपुरस्थित कालीगण्डकी आँखा उपचार केन्द्र, रैनादेवी छहरा, तिनाउका आँखा उपचार केन्द्रसहित पाल्पा अस्पताल र लुम्बिनी मेडिकल कलेजमा आँखा पाकेर उपचारका लागि आउने बिरामीको संख्या अत्याधिक रहेको छ । एउटै घरका धेरै व्यक्ति यो रोगबाट संक्रक्रमित भएको पाइएको छ । कसैको रातो आँखा देखिन्छ । कतिपयको आँखा एकदमै चिलाएर सुन्निएको छ । कोही सुतेर उठ्दा आँखामा कचेरा (चिप्रा) परेको बताउँछन् । कोही बिझाएको र दुखेको भन्दै अस्पताल पुग्ने गरेका छन् । अहिले जिल्लाका अधिकासं अस्पतालहरुमा यस्तै दृश्य देखिन्छन् । आँखा रोग विशेषज्ञलाई यो समस्याको उपचार गर्न भ्याइनभ्याइ छ । आँखा पाक्ने रोग पाल्पा मात्र होइन अहिले देशैभर फैलिएको छ । जेठदेखि फैलन थालेको आँखा पाक्ने समस्या पाल्पामामा भने साउन दोस्रो सातादेखि फैलिएको चिकित्सकहरू बताउँछन् । अहिलेसम्म जिल्लामा करिब ६ हजार व्यक्तिहरु आँखा पाक्ने समस्याबाट ग्रसित भएका छन् । यहाँका तानसेन, रम्भा, रामपुर, बगनासकाली, रिब्दीकोट, पूर्वखोला, निस्दी, माथागढी, तिनाउ र रैनादेवी छहराका ग्रामीण क्षेत्रमा आँखा पाकेका विरामीहरु फेला परेका छन् ।पाल्पा लायन्स लाकौल आँखा अस्पतालमा मात्र दैनिक जसो एक सय भन्दा बढी आँखा पाक्ने विरामी आउने गरेका छन् । यहाँ साउन १८ गते यता २ हजार १ सय २७ जना आँखा पाकेका विरामीहरुको उपचार भइसेको अस्पतालका नेत्र सहायक मनोज शर्माले जानकारी दिए । उनका अनुसार अस्पताल आउने विरामी मध्ये ६० प्रतिशत आँखा पाकेर आउने गरेका छन् । आँखा पाक्ने समस्याको उपचारका लागि बालबालिका, युवा तथा प्रौढहरू बढी आउने गरेका छन् ।

आँखा पाक्ने रोग लागे आत्तिनु पर्दैन

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भने आँखा पाक्ने रोग लागे आत्तिनु नपर्ने बताएको छ । मन्त्रालयले अहिले मुलुकभरका विभिन्न ठाउँमा आँखा पाक्ने रोग देखिएकाले नआत्तिइ घरमा बसेर उपचार गर्न सबैलाई आग्रह गरेको छ । घरमा आँखाको स्याहार गरे संक्रमण एकदेखि दुई हप्ताभित्रमा निको हुने बताइएको छ । यो रोग संक्रामक भएकाले सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । संक्रक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने, विद्यालय, बजार र संक्रमित व्यक्ति भीडभाडमा हुने ठाउँ/सार्वजनिक स्थानमा नजाने, संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना प्रयोग गर्न नहुने चिकित्सकहरुले बताएका छन् । जथाभावी आँखा नछुने, छुनु परेमा सावुन पानीले राम्ररी हात धुने, आँखालाई चिसोले सेक्ने र सेक्दा आँखा बन्द गरेरमात्रै सेक्ने, आँखा नमिच्ने, प्रशस्त मात्रामा पानी तथा पोषिलो खाना खाने, बाहिर घाममा निस्कँदा कालो चस्माको प्रयोग गर्ने, संक्रमित व्यक्तिले प्रयोग गरेका सामान राम्ररी धोएरमात्रै प्रयोग मन्त्रालयले आग्रह गरेको छ ।

संक्षिप्त समाचार

सवारी दुर्घटनामा दुईको मृत्यु

तुलसीपुर (दाङ), भदौं ४/रुकुम पश्चिमबाट दाङको तुलसीपुर आउँदै गरेको यात्रुबहाक हाइस दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रुकुम पश्चिम सानीभेरी गाउँपालिका निवासी कमारो कामी र दार्मा गाउँपालिका-२ सल्यानका ओमपथ खत्री रहेको राप्ती प्रादेशिक अस्पताल स्रोतले बताएको छ ।

दुर्घटनामा परी अन्य १३ जना घाइते भएका छन् । घाइतेमध्ये एक जनालाई उपचारका लागि कोहलपुर रेफर गर्ने तयारी रहेको छ । अन्य घाइतेको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी नायब उपरीक्षक पुष्पराज मल्लले बताए । लु २ ख ५७३१ नम्बरको यात्रुवाहक हाइस सल्यानको कपुरकोटमा दुर्घटना भएको हो । कपुरकोट गाउँपालिका-३ आगरखोला नजिकै दिउँसो ३ बजेतिर दुर्घटनामा परेको हो । *-रासस*

मनाइयो नागपञ्चमी पर्व

पाल्पा, भदौ ४/नागपञ्चमी पर्व सोमबार परम्पराअनुसार नागको पूजाअर्चना गरी घरका मूलढोकामा टाँसेर मनाइएको छ । यो पर्व प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीको दिन मनाउने गरिन्छ । साउनमा अधिकमास परेका कारण यो वर्षको नागपञ्चमी सौरमास अनुसार भदौमा परेको हो ।

यसरी नागको तस्बिर टाँस्दा वर्षभर घरमा नाग, सर्प र बिच्छी लगायतका जीवले दु:ख नदिनुका साथै अग्नि, मेघ र चट्याङको भयबाट पनि बच्न सकिन्छ भन्ने धार्मिक विश्वास रहेको छ । नाग पूजाको प्रचलन वैदिककालदेखि नै सुरु भएको हो । वैदिक मान्यताअनुसार नागलाई सर्पको राजा मानिन्छ । नाग रिसाए भने पानीको अभाव हुने भएकाले पानीका लागि पनि नागलाई खुसी पार्न पूजा गर्ने परम्परा बसेको हो । बराहपुराणमा उल्लेख भएअनुसार श्रावण शुक्ल पञ्चमीमा नागराजसँग ब्रह्माको संवाद भएकाले पनि आजको दिनमा नागपूजाका लागि प्रसिद्ध मानिन्छ । नाग पञ्चमीका दिन नेपाल र भारतका विभिन्न नाग देवताको मन्दिरमा नाग पञ्चमी मेला लागेको थियो । नाग देवतालाई दूध, दुबो, कुश, चन्दन, फूल, अक्षता, लड्डु अर्पण गरेर पूजासमेत गरेर नाग स्तोत्रको पाठ गर्ने गरिन्छ । हिन्दू धर्मको मान्यता अनुसार यो दिन नागको पूजा गर्नाले सर्पका राजा नाग देवता खुसी हुन्छन्, त्यसैले नाग पूजा गर्ने मान्छेलाई सर्पको भय हुँदैन भन्ने मान्यतासमेत रहेको छ ।

बगनासकाली गिट्टी–बालुवा प्रकरण

प्रहरीले यातना दिएको स्थानीयको आरोप

पाल्पा, भदौ ४/जिल्लाको बगनासकाली गाउँपालिकामा भएको अवैध गिट्टी-बालुवा प्रकरणमा स्थानीयहरुले रोयल्टी तिरेर ल्याएको बताउँदै आए पनि प्रहरीको निगरानीमा जवरजस्ती कागज गराउन खोजेको पीडित स्थानीयको गुनासो छ ।

केही महिनादेखि बगनासकाली-६ यम्घाका वडा अध्यक्ष लक्ष्मी अधिकारी माथि अवैध गिट्टी बालुवा निकासी गरी डम्पिङ्ग गरेर राखेको भन्ने आरोप स्वयम अधिकारी सदस्य रहेको कार्यपालिकाले जरिवाना गर्ने निर्णय गरेपछि विवाद उत्पन्न भएको हो । स्थानीय बोटेहरुले गिट्टी बालुवा आफुहरुले रोयल्टी तिरेर ल्याएको दावा गर्दै आएपनि पालिकाले भने वडा अध्यक्ष अधिकारीले नै गरेको भन्दै आएको छ । सोही विषयमा थप सोधपुछ गर्न पालिकाले स्थानीय बोटेहरुलाई शुक्रबार पालिका भवनमा बोलाएर बयान लिर्दै गर्दा प्रहरी समेत राखेर जवरजस्ती स्वीकार गराउन खोजिएको विषयलाई लिएर अहिले जिल्लामा ठूलो वहस सुरु भएको छ । बयानको क्रममा जनप्रतिनिधिमूलक निकायबाटै न्यायिक समाधान खोजिनुपर्नेमा प्रहरीले पालिकाको अनुकूलतामा बयान दिन लगाउनु मानव अधिकारको ठाडो उल्लङ्घन भएको स्थानीयको आरोप छ । प्रहरीको उपस्थितिमा कोठामा धुनेर, जवरजस्ती कागजमा हस्ताक्षर गर्न लगाएको तर आफुहरुले नपढीकन नगर्ने भनेको पीडित दलबहादुर बोटेको भनाई छ । अर्का पीडित प्रकाश बोटेले प्रहरीले आफुहरुलाई पानी समेत खाना नदिई केरकार गरेको गुनासो गरे ।

न्याय र सुरक्षा दिने नेपाल प्रहरीले नै न्याय माग्दै गरेका पीडितलाई थप पीडा दिएको भन्ने आरोपका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी प्रमुख एसपी हेरम्ब शर्मासँग जिज्ञासा राख्दा, त्यहाँ होहल्ला नहोस् भन्ने सोंचका साथ हामीले टाढैबाट निगरानी गर्नु भनेका थियौं, तर प्रहरीले बयान भने नलिएको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

जनताका मुद्दा ओझेलमा नपार

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले साउनको १० गतेदेखि संसद्का दुवै सदन प्रतिनिधिसभा र राष्ट्रियसभा अवरुद्ध पार्दै आएको छ । संसद् सुचारु गर्न सत्तापक्ष अग्रसर हुनुपर्ने हो तर त्यो देखिँदैन । एमालेले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट छिरेको एक क्विन्टल सुन प्रकरणका लागि उच्चस्तरीय संसदीय छानबिन समिति गठनको माग गर्दै संसद् अवरुद्ध पार्दै आएको हो । सत्ता पक्ष संसद् अवरोध गर्ने प्रतिपक्षी दलको एकल माग किन पूरा गरिरहेको छैन ? नागरिकसमेत प्रश्न उठाइरहेछन् । आम नागरिकका समस्यामा तमासे बनेका छन् दल र सांसदहरू । कुनै पनि बहाना र हालतमा सदनलाई बन्धक बनाउन पाइँदैन । समस्या देखिए समाधान गर्ने मूल दायित्व सरकारको हो । सरकार पनि कानमा तेल हालेर बसेको छ, रमिते बनिरहेको छ ।

मुलुकमा आर्थिक मन्दीले आमनागरिक प्रताडित भइरहेका छन् । त्यति मात्र होइन, लम्पी स्किन र डेंगी जस्ता महामारीका कारण जनता समस्यामा छन् । यस्तो अवस्थामा संसद्लाई बन्धक बनाइनु दुखद् हो । जसका कारण जनताका आम मुद्दा समेत ओझेल परेका छन् । संसदीय शासन प्रणालीमा विपक्षी दलले सरकारको कमी कमजोरी औल्याउँछ, जनताका समस्या उजागर गर्दै जनहितमा काम गर्न सरकारलाई खबरदारी गर्छ । जसले गर्दा सरकार र राजनीतिक दल जनताप्रति जिम्मेवार बन्छन्/हुन्छन् भन्ने विश्वास राखिन्छ, तर यहाँ त्यस्तो रहेन । संसद् कसैको लहडमा अवरोध गर्ने ठाउँ होइन तर, विडम्बना लहडकै भरमा नेपालमा धेरै पटक संसद् अवरोध भएका छन् । कानुन निर्माणमा पर्याप्त छलफल हुन नसक्दा महत्वपूर्ण विषय ओझेलमा पर्दै गएका छन् । यो दुखद् कुरा हो । संसद् अवरुद्ध हुँदा सरकारलाई त हाइसञ्चो भएको छ, तर जनताका आम मुद्दा भने ओझेलमा परेका छन् । यसर्थ छिटो भन्दा छिटो संसद खुलाएर जनताको मुद्दाहरुमा बहस, छलफल चलाउन जरुरी छ ।

Opinion @ Social Network

यात्रामा साथ दिनेलाई कहिलै नबिर्सनु,
गन्तव्यमा पुगे पछि हात मिलाउने त जति नि भेटिन्छन् !

(सविता पाण्डेको फेसबुक स्टाटस https://www.facebook.com/sabita.pandey)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

अनुत्पादक नेतृत्व बाटो छोड, थप बोझ नबन

गुरुराज घिमिरे

हिजो-आज देशका कुनाकाप्चा सबैतिर सतहमा एउटै बहस चलेको देखिन्छ– 'नेपाल अब कहिल्यै बन्दैन, नेपाल बनाउने कोही भएनन्, दलहरूले देश बिगारे, नेताहरू भ्रष्ट भए ।' लोकतान्त्रिक नेपालका लागि यो निकै निराशाजनक र दुःखद कुरा हो । वर्तमान शासन प्रणालीका निम्ति कांग्रेसले झण्डै आठ दशक लामो लडाइँ लड्यो । नेपालमा पटक-पटक राजनीतिक अधिकार खोसियो र कांग्रेसकै प्रयत्न एवं अगुवाइमा प्राप्त पनि भयो । यस ऐतिहासिक यथार्थसँग नेपाली जनमानस पूर्ण परिचित छ । र, यसमा कुनै नेपालीले विवाद पनि गर्दैन । तर मुख्य कुरा राजनीति भए पनि जनताको जीवनमा आधारभूत परिवर्तन आयो कि आएन भन्ने कुराले राजनीतिक प्रणालीको साख र भविष्य निर्धारण गर्दछ । आफ्ना जनताप्रति राज्यले न्याय गऱ्यो कि गरेन भन्ने विषय प्रमुख हो । जनतालाई राजनीतिक अधिकारले मात्र पुग्दैन । सुरक्षा, खाद्यान्न र शान्ति अपरिहार्य शर्त हो । अरु धेरै विषय जनताको दैनन्दिन जीवनसँग जोडिएका हुन्छन् । साथै, उसले आफ्नो प्रतिष्ठापूर्ण जीवनका निम्ति आवश्यक पर्ने सबै पूर्वाधारयुक्त समाज खोज्दछ । राज्यको गठन र उत्पत्ति नै जनआवश्यकताले भएको हो भन्ने कुराको हेक्का शासन व्यवस्था चलाएकाहरूले राखेको देखिंदैन । यस विषयमा स्वयं राज्य अर्थात् नेपाल कति जिम्मेवार र गम्भीर छ त ? यसको एउटै उत्तर छ, गम्भीर छैन । त्यसैले यस्ता बहसहरू सघन रूपमा निरन्तर चलिरहेका छन् । शासनबाट फाइदा उठाइरहेको सीमित समूह बाहेक लगभग सबै तह र समुदायका नेपालीहरू यो बहसमा सामेल छन् । यसले नेपाली समाजमा तनाव र आक्रोश बढिरहेको छ । त्यसका बाछिटाहरू सर्वत्र पुगेका छन् ।

राजनीति, कूटनीति र शासन व्यवस्थाका सम्बन्धमा उर्बर तथा प्रखर ज्ञान राख्ने प्राचीन मगधका चिन्तक विश्वविख्यात विचारक चाणक्यले राज्यको गठन वा उत्पत्तिका बारेमा आफ्नो धारणा दिएका छन् । उनी संसारमा चाणक्य, कौटिल्य र विष्णुगुप्तका नामले चिनिन्छन् । उनका अनुसार, जंगली अवस्थामा पशुवत् जीवन बिताइरहेका मानिसहरूले शोषण, असुरक्षा र जीविकाको संकटबाट जोगिनका लागि राज्यको निर्माण वा गठन गरेका हुन् । र, सँगसँगै आफूले विश्वास गरेको वा पत्याएको मेधावी, बुद्धिमान र बलशाली व्यक्तिलाई राजा वा शासक चयन गरेका हुन् । शासन व्यवस्था सञ्चालन गर्न ऐन कानुनको प्रबन्ध मिलाएका हुन् । प्राचीनकालमा मनुष्यको प्रथम राजाको रूपमा मनुलाई लिइन्छ । जनताले आवधिक रूपमा तय गरिएको कर बुझाउने र त्यही खर्चबाट शासकले राज्य सञ्चालन गर्ने प्रबन्ध गरिएको हो । कौटिल्यका अनुसार राज्यका खास कामहरू निर्धारण गरिएको हुन्छ । जसअनुसार तीन वटा कार्य प्रमुख छन्- आन्तरिक शान्तिसुरक्षाको स्थापना, बाह्य शत्रुको आक्रमण वा असुरक्षाबाट जोगाउने र राज्यको सुख समृद्धिका लागि लोक कल्याणकारी योजना बनाई लागू गर्ने । यी तीनै कार्यको उद्देश्य जनतालाई सुख दिने हो । जब संसारमा राज्यको निर्माण वा गठन भयो, त्यहाँका बासिन्दाका निम्ति राज्य नै सर्वोपरि ठान्न थालियो । राज्यलाई शक्तिशाली बनाउनतिर राजा र शासकहरूको ध्यान केन्द्रित हुन थाल्यो । समयक्रममा तिनै राजा र शासकहरू निरंकुश हुन थाले । त्यसपछि पुनः जनताको दुर्दिन सुरु भयो । शासन व्यवस्थाको तानाशाहीकरणले राज्य गठनको आधारभूत मान्यता नै क्षत-विक्षत हुन पुग्यो । शासनमा पुगेका वा पुऱ्याइएका व्यक्तिहरूले राज्यको दोहन गरी आफ्नो स्वार्थ पूरा गर्न थाले । समयक्रममा लोककल्याणकारी राज्यको प्राचीन अवधारणालाई पुनःस्थापित गर्ने प्रयासको दौरानमा लोकतान्त्रिक शासन प्रणालीको उदय भयो । यद्यपि प्राचीनकालमा पनि संसारका कतिपय राज्यमा यसको निष्ठापूर्ण अभ्यास कायम थियो । केही दिनअघि भारतीय लोकसभामा कांग्रेस नेता राहुल गान्धीले मणिपुर राज्यमा चलिरहेको आन्दोलनमा राज्यले गरेको हिंसाको चर्को आलोचना गरे । उनले मणिपुरका जनताको भावना र आत्मसम्मानप्रति राज्यको अपहेलनाको चर्चा गर्दै प्राचीन रामायणको प्रसंग जोडे । लंकामा आगो हनुमानले होइन, रावणको अहंकारले लगाएको र रावणको मृत्यु रामद्वारा होइन, रावणको अहंकारका कारण भएको चर्चा गरे ।

यसबाट प्रष्ट हुन्छ, अहंकार कति खतरनाक हुन्छ । अहंकारले आफैंलाई भष्म गर्ने भएकाले यो एक प्रकारको आत्महत्या पनि हो । संसारमा अहंकारीहरूको विनाश नै भएको छ । नेपालमा २०६४ सालको संविधानसभा निर्वाचनपछि र २०७४ पछि शासनमा पुगेका व्यक्तिहरूको अहंकार प्रकट भएको थियो । जसको मूल्य तत्कालै चुकाउनु परेको थियो । त्यसो त २०४६ को परिवर्तनपश्चात् सत्तामा पुगेका अधिकांश व्यक्तिको अहंकार विभिन्न रूपमा प्रकट भएकै हो । जसले जनतालाई निर्वाचन प्रयोजनका लागि मात्र स्मरण गर्छ र सत्तामा बसेर बारम्बार दुर्व्यवहार गर्छ । यस्तो सुविधा वा छुट दुनियाँका उत्कृष्ट लोकतन्त्रमा कतै पनि छैन । नेपाल त्यसको अपवाद छ र कतै पनि यहाँको जस्तो जात्रा हेर्न पाईदैन । विश्वका समुन्नत र उत्कृष्ट लोकतान्त्रिक शासन प्रणालीको अभ्यास भएका देशहरूमा राजनीतिक दलहरू जनता वा मतदातालाई जनार्दन अर्थात् भगवान मान्दछन् । जनताकै कृपा, अनुकम्पा र विश्वासले दलहरू सत्तामा पुगेर काम गर्ने अवसर पाउँदछन् । के नेपालका राजनीतिक दलहरू जनभावना अनुसार चलेका छन् त ? आज हाम्रासामु अनगिन्ती प्रश्न उठेका छन् । जनताबाट छानिने तर जिम्मेवारीमा पुगेपछि जनता बिर्सने र जथाभावी गर्ने प्रवृत्तिबाट नेपाली समाज ग्रस्त छ र राज्यप्रतिको जनविश्वास ऋणात्मक छ । राजनीतिमा जे गरे पनि हुने हो र ? सत्ता सीमित नेताको स्वार्थ पूरा गर्ने माध्यम हो र ? यतिबेला नेपालमा चलिरहेको राजनीतिक प्रहसनले जनतालाई मर्माहत तुल्याएको छ । भ्रष्टाचार, तस्करी र अख्तियार दुरूपयोग राज्यको जीवन पद्धति भएको छ । राजनीतिक जवाफदेही शून्य बराबर छ । समाज आदर्शच्युत हुँदैछ । कसलाई हेरेर आश गर्ने ? मन अड्याउने कहाँ ? भर गर्ने कसलाई ? कांग्रेस पार्टीमा तीव्र गतिमा मूल्य स्खलन जारी छ । अरु दलको कुरै भएन । यस्तो स्थितिले समाजमा घोर निराशा फैलिंदै छ । यसले आक्रोशको रूप लियो भने विद्रोहको नयाँ चरण सुरु हुनेछ । अनि देश सम्हाल्ने कसले ? अब थोरै चर्चा गरौं, नेपालको सर्वाधिक लोकतान्त्रिक पार्टी कांग्रेसको आन्तरिक जीवन र लोकतान्त्रिक अभ्यासका बारेमा । हामी सिद्धान्तले अब्बल लोकतन्त्रवादी भयौं । दुनियाँमा प्रयोगमा आएका विचारधारा, वाद र सिद्धान्तहरूमध्ये सर्वाधिक लोकतान्त्रिक सिद्धान्त कांग्रेसले अवलम्बन गरेको सिद्धान्त हो । हाम्रो राजनीतिको केन्द्र जनताको सुख हो । अर्को कुरा कुनै पनि देशका बासिन्दाले खोजेको कुरा आफू बसेको समाजको शान्ति र सुव्यवस्था हो ।

गुणस्तरीय सुलभ शिक्षा, सुलभ र सहज स्वास्थ्य उपचार, राजनीतिक अधिकारको सुनिश्चितता र गुणस्तरीय जीवन प्रमुख कुरा हुन् । यी कुरा सफल शासन व्यवस्थाले मात्र सुनिश्चित गर्न सक्छ । सफल शासन व्यवस्था भनेको असल शासन व्यवस्था हो । यसलाई सुशासनले मात्र प्रत्याभूत गर्न सक्छ । यसका निम्ति सही सिद्धान्त भएको गतिलो र भरपर्दो राजनीतिक दल चाहिन्छ । विचार र सिद्धान्तका हिसाबले कांग्रेस बाहेक अरु दलसँग अपेक्षा गर्ने ठाउँ थिएन । अहिलेको अवस्था के छ त ? नेपाली कांग्रेस जनअपेक्षा अनुसार चलेको छ त ? सीमान्तमा उभिएको गरीब नेपालीको कांग्रेसका बारेमा के धारणा छ ? के हामी आफैं राम्रोसँग चलेका छौं त ? कि अरुलाई उपदेश दिएर मात्र पुग्छ ? हामीबाट न पार्टी राम्रो चलन सक्यो, न देश । राज्य सञ्चालनमा गतिलो व्यवहार प्रदर्शन गर्न सकेनौं भन्ने होस नहुँदा सरकारमा पुग्नु भनेको पार्टीका नेताले जागिर खानु जस्तो प्रमाणित भएको छ । के कांग्रेस पार्टीका लागि सुहाउँदो कुरा हो यो ? र अर्को कुरा जनताले राजनीतिक दलको सिद्धान्त र इतिहास मात्र हेर्दैन, वर्तमान भूमिका पनि हेर्छ । के हाम्रो भूमिका जनतालाई आश्वस्त पार्ने खालको छ त ? पटक्कै छैन । पार्टीको आन्तरिक जीवनमा असहमत पक्षलाई कुनै स्थान छैन । के यही हो लोकतान्त्रिक पार्टीको चरित्र ? पार्टी त राम्रो चलाउन सकेनन् नै, नेपालको भूराजनीतिक वास्तविकतालाई दृष्टिगत गरी राज्य सञ्चालन गर्ने कौशल हाम्रा राजनीतिज्ञहरूले देखाउन सकेनन् । चीन, भारत र अमेरिका जस्ता महाशक्ति राष्ट्रहरूको चाख, चासो र अन्तर्राष्ट्रिय स्वार्थलाई मध्यनजर गरी सन्तुलित भूमिका खेल्नु नेपाल जस्ता देशको बुद्धिमानी र बाध्यता दुवै हो । भारत र चीन जस्ता सीमा जोडिएका छिमेकी देश हाम्रा लागि बरदान र शक्ति बन्न सक्छन् । यो धरातलीय यथार्थलाई आत्मसात् गरी नेपालले भूमिका खेल्न सक्नुपर्छ । अरु पार्टीको कुरा भएन, बीपीको पार्टीले त कुरा बुझ्नुपथ्र्यो कि पर्दैनथ्यो ? त्यसैले नेपाली समाजले एउटै निष्कर्ष निकाल्दैछ कि नेपालको अधोगतिको कारण के हो ? राजनीतिक प्रणाली हो वा राजनीतिक दल हुन् ? राजनीतिक दल हुन् या तिनका नेता ? यसको अन्तिम निचोड हो दलका नेता । दलका नेता को को ? किनकि नेता त धेरै छन् ! यसको पनि अन्तिम निचोड छ, जो तर्कसंगत र जायज छ । क्षमता र योग्यता भएको वा आफ्नो जिम्मेवारी बुझेको व्यक्तिले एकैपटकमा आफ्नो कुशलता देखाउँछ । बारम्बार अवसर पाएर पनि केही गर्न नसक्ने व्यक्तिको राज्य सञ्चालनमा कुनै काम छैन । यो कुनै पूर्वाग्रही लाञ्छना होइन, विश्वव्यापी सत्य हो । नेपालमा २०४६ देखि बारम्बार सत्तामा गएर काम गर्न नसक्ने, राजनीतिक प्रणाली र दललाई बदनाम गराउनेहरूको अब कुनै काम छैन । यो नेपाली जनताको आवाज हो ।

साँच्चै भन्ने हो भने आफूबाट अपेक्षाकृत काम हुन सकेन भने स्वयंले बुझ्नुपर्ने कुरा पनि हो । दुनियाँलाई थाहा छ कि जनताबाट बारम्बार चुनिएर पनि राष्ट्रका प्रतिको जिम्मेवारी पूरा गर्न सकिंदैन भने आफूले मार्गप्रशस्त गरिदिनुपर्छ, समाजका लागि बोझ बन्नुहुँदैन । समाजका लागि बोझ बनेकाहरूलाई राज्यले पाल्न सक्तैन । हामी सबैलाई थाहा छ, देशलाई राम्रोसँग चलाउन नसक्ने, छिमेकी देशहरूसँग सुमधुर सम्बन्ध राख्न नसक्ने, देशमा धार्मिक तथा सामाजिक सद्भाव जोगाउन नसक्ने र नयाँ पुस्तालाई देशमै राखेर राष्ट्र निर्माण कार्यमा सरिक गराउन नसक्ने राजनीतिज्ञहरूलाई देशको बागडोर अँठ्याइराख्ने कुनै अधिकार छैन । त्यसैले अहिलेको राष्ट्रिय आवश्यकता साढे तीन दशकको अनुत्पादक नेतृत्वबाट पूर्ण मुक्ति हो । यसमा मुख्य दलका सबै नेता पर्दछन् । थारो भैंसी किन पाल्ने ? अबको साझा प्रयत्न यसैमा हुनुपर्छ ।

-अनलाइन खबर डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ ।
वृष :नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ।
मिथुन :श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ ।
कर्कट :अनायासै शरीर कमजोर बन्नाले चिताएको काममा जुट्न नसकिएला ।
सिंह :कामको सन्दर्भमा रमाइलो यात्राको अवसर प्राप्त हुन सक्छ ।
कन्या :ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ।
तुला :अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्ला ।
बृश्चिक : मौकामा अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ ।
धनु :समयमा अग्रज तथा सहयोगीहरू जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ।
मकर:दायाँ हातमा लक्ष्मीको वास हुनाले मनग्गे आम्दानी भित्याउने अवसर प्राप्त हुनेछ।
कुम्भ :तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू समेत बढ्नेछन् ।
मिन :धेरै खर्चको माहोल देखिए पनि धैर्यले काम लिँदा फाइदा हुनेछ ।

जना प्रविधि

इन्भर्टर लामो समयसम्म प्रयोग नगर्दा ब्याट्री के हुन्छ ?

यदि तपाईंको घरमा इन्भर्टर छ र यसलाई लामो समयसम्म प्रयोग नगर्दा के हुन्छ भनेर कहिल्यै सोच्नु भएको छ ? इन्भर्टर एक आवश्यकता हो जसको बिना धेरै कामहरू रोक्न सकिन्छ । जहाँ धेरै बिजुली कटौती हुन्छ, त्यहाँ इन्भर्टर बिना काम गर्न गाह्रो हुन्छ । हरेक इलेकट्रोनिक वस्तुजस्तै यसको पनि ध्यान दिनुपर्छ । घरमा वर्षौंदेखि इन्भर्टरको प्रयोग हुँदै आएको भए तापनि यसको सही तरिका भने उनीहरूलाई थाहा छैन । कतिपयको प्रश्न छ कि इन्भर्टर लामो समयसम्म प्रयोग नगर्दा के हुन्छ ? लिड-एसिड ब्याट्रीको सेल्फ-डिस्चार्ज दर प्रति महिना ४ देखि ६ प्रतिशत हुन्छ । जब इन्भर्टर बन्द हुन्छ, र फ्लोट चार्जिङको समयमा ब्याट्रीको शक्ति खपत यसको क्षमताको ज्ञ% हुन्छ । यस्तोअवस्थामा यदि तपाईं २-३ महिनाको बिदाका लागि घरबाट बाहिर जाँदै हुनुहुन्छ भने आफ्नो इन्भर्टर बन्द गरेर राख्नु तपाईंका लागि फाइदाजनक हुनेछ । यसले तपाईंको ब्याट्रीलाई कुनै हानी गर्दैन तर यसले तपाईंको ब्याट्रीलाई १२-१८% प्रतिशतसम्म डिस्चार्ज गर्दछ । इन्भर्टरलाई लामो समयसम्म बन्द राख्दा ब्याट्रीको ब्याकअप समय कम हुन्छ । यदि ब्याट्री भोल्टेज १०.८ भोल्टमा झर्‍यो भने ब्याट्रीलाई १२ घण्टाको लागि १३.८ भोल्टमा फ्रेशिङ चार्ज दिनुपर्छ ।

तपाईंको इन्भर्टर नयाँ ब्याट्रीहरूको लागि ४ महिना भन्दा बढी र पुरानो ब्याट्रीहरूको लागि ३ महिना भन्दा बढी बन्द छैन राख्नु हुँदैन । अन्यथा तपाईंको ब्याट्रीहरू डिस्चार्जको अत्यधिक गहिराइको कारण स्थायी क्षति हुनेछ । त्यसैले जब ब्याट्री पूर्ण रूपमा चार्ज हुन्छ र यो प्रयोगमा छैन भने तपाईं आफ्नो इन्भर्टर स्विच अफ गर्न सक्नुहुन्छ । ***-रातोपाटी डटकम***

भारतमा उत्पादन हुँदै आइफोन-१५

अमेरिकी सूचना-प्रविधि कम्पनी एप्पलको साझेदार कम्पनी फक्सकनले भारतमा नयाँ आइफोन उत्पादन सुरू गरेको छ । फक्सकनले तमिलनडुस्थित श्रीपेरम्बुदूरमा रहेको कारखानाबाट आइफोन-१५ को उत्पादन थालेको टाइम्स अफ इन्डियाले जनाएको छ । फक्सकन टेक्नोलोजी ग्रुपको श्रीपेरम्बुदूर प्लान्टले अहिले द्रुत गतिमा काम गरिरहेको छ । चीनले आफ्ना कारखानाबाट पठाउन थालेको केही सातामै फक्सकनले पनि एप्पललाई आफूले उत्पादन गरेको आइफोन पठाउने तयारी छ ।

योसँगै विश्वव्यापी रूपमा घोषणा भएलगत्तै, केही सातामै 'मेड इन इन्डिया (भारतमा बनेको)' आइफोन-१५ बजारमा उपलब्ध हुनेछ । टाइम्स अफ इन्डियाका अनुसार आगामी सेप्टेम्बर १२ देखि भारतमा बनेको आइफोन-१५ उपलब्ध हुने सम्भावना छ । एप्पलले पनि भारतमा उत्पादित आइफोन-१५ सकेसम्म चाँडो र धेरै मात्रामा लिने बताइएको छ । फक्सकनले उत्पादन गर्नेबाहेक, भारतले चाँडै आइफोन-१५ 'एसेम्बल' पनि गर्ने भएको छ । भारतीय कम्पनीहरू पेगाट्रोन र टाटा ग्रुपले आइफोन-१५ एसेम्बल गर्ने भएका हुन् । यसका लागि यी दुई कम्पनी बैंगलोरमा रहेको ताइवानी कारखाना किन्ने प्रक्रियामा रहेको बताइएको छ । सन् २०२२ सेप्टेम्बरदेखि फक्सकनले भारतमा आइफोन-१४ एसेम्बल सुरू गरेको थियो । त्यो बेला विश्वव्यापी रूपमा नयाँ आइफोन सार्वजनिक भएको केही सातापछि नै भारतले एसेम्बल गर्न थालेको थियो । एप्पलका सिइओ टिम कुक केही समयअघि भारत भ्रमणमा पनि आएका थिए । सो क्रममा उनले भारतीय बजार र कारखानाहरू अध्ययन तथा अवलोकन गरेका थिए । त्यो बेला एप्पलले मुम्बई र दिल्लीमा आफ्नो नयाँ स्टोर सुरू गरेको थियो । केही दिनअगाडि मात्र टिम कुकले जुन महिनामा भारतमा आइफोनको बिक्रीले रेकर्ड तोडेको जानकारी दिएका थिए । भारतमा नयाँ एप्पल स्टोरहरूबाट भइरहेको व्यापार आफूले सोचेभन्दा धेरै राम्रो भएको पनि उनले बताएका थिए । एउटा रिपोर्टका अनुसार एप्पलले अब वायरलेस इयरफोन 'एयरपड्स'को उत्पादन पनि भारतमा गर्ने तयारी गरेको छ । यसका लागि एप्पलले फक्सकनको हैदराबादस्थित कारखाना रोजेको बताइएको छ । आगामी डिसेम्बरमा यसको उत्पादन हुने र यसकै तयारीका लागि फक्सकनले यो कारखानमा ४० करोड डलर लगानी थप्ने योजना बनाएको छ । नयाँ आउने आइफोन पहिलेभन्दा धेरै महँगो हुने अनुमान छ । आइफोन-१५ र आइफोन-१५ प्लसको मूल्य आइफोन-१४ का मोडलकै जति हुने भए पनि आइफोन-१५ प्रो र आइफोन-१५ प्रो म्याक्सको मूल्य योभन्दा धेरै महँगो हुने अनुमान छ । ***-सेतोपाटी डटकम***

आईसीटी अवार्डको अनलाइन नोमिनेसन भदौ १५ सम्म

सूचना तथा सञ्चार प्रविधि क्षेत्रको प्रतिष्ठित अवार्डको रूपमा परिचित आईसीटी अवार्डको आठौं संस्करणको लागि अनलाइन नोमिनेसन (आवेदन) भदौ १५ गतेसम्म बुझाउन सकिने भएको छ । लिभिङ विथ आईसीटीको मुख्य आयोजनामा हुने 'आईसीटी अवार्ड' मा यस वर्ष १३ विधासहित सातै प्रदेशका स्टर्टाअपहरुलाई सम्मान गर्ने गरी आवेदन खुला गरिएको हो । यस वर्ष आईटी प्रोफेसनलहरुलाई लक्षित गरेर प्रोफेसनल एक्सिलेन्स आईसीटी अवार्ड २०२३ विधा थप गरिएको छ । अवार्डमा स्टार्टअप तथा इनोभेसन सम्बन्धी विधाहरुमा स्टार्टअप, प्रडक्ट र राइजिङ स्टार इनोभेसन आईसीटी अवार्ड विधाहरु रहेका छन् ।

यसैगरी व्यक्तिगत उपलब्धिको आधारमा प्रदान गरिने विधाहरुमा प्रोफेसनल एक्सिलेन्स, पायोनियर, आन्टरप्रेनर, नेपाली डायस्पोरा र वुमन आइकन आईसीटी अवार्ड विधाहरु समावेश छन् । डिजिटल रुपान्तरणमा अभ्यासरत संस्थाहरुलाई प्रदान गर्ने अवार्ड विधाहरुमा डिजिटल एजुकेसन पब्लिक र प्राइभेट सेक्टर, डिजिटल गभर्नेन्स र डिजिटल सर्भिसेस आईसीटी अवार्ड २०२३ रहेका छन् । त्यसैगरी सार्क देशहरुका स्टार्टअपहरुलाई लक्षित गरेर साउथ एसिया स्टार्टअप आईसीटी अवार्ड २०२३ विधामा पनि नोमिनेसन खुला जारी छ । सन् २०१६ बाट शुरु भएको आईसीटी अवार्ड हरेक वर्ष परिस्कृत र विस्तारित रुपमा आयोजना हुँदै आइरहेको छ । यस वर्ष आयोजकले सातै प्रदेशका उत्कृष्ट स्टार्टअपलाई सम्मान गर्नेगरी 'प्रोभिन्स स्टार्टअप आईसीटी रिकग्निसन' पनि शुरु गरेको छ । सातै प्रदेश र काठमाडौंमा प्रि-इभेन्टको रुपमा स्टार्टअप एण्ड आइडिया फेस्ट कार्यक्रम पनि सञ्चालन हुने आयोजक समितिका अध्यक्ष राजन लम्सालले जानकारी दिए । साउथ एसिया स्टार्टअप अवार्डको लागि भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका लगायतका देशहरुबाट विज्ञ जुरी समितिमार्फत छनोट प्रकृया सञ्चालन गरिने छ । आवेदन दर्ताको लागि आधिकारिक वेबसाइटमार्फत विवरण बुझाउन सकिने आयोजकले जनाएको छ । स्टार्टअप, प्रडक्ट र राइजिङ स्टार इनोभेसन विधाको लागि भदौ १५ र अन्यको लागि भदौ ३१ गतेसम्म नोमिनेसन बुझाउन सकिने आयोजकले विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

यी हुन् आईसीटी अवार्ड २०२३ का १३ विधाहरु

१, स्टार्टअप आईसीटी अवार्ड

आईटी प्रडक्ट, सर्भिस तथा इनोभेसन क्षेत्रमा काम गरिरहेका कम्पनीहरूलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने यो अवार्डमा सहभागी हुन नेपालको प्रचलित कानून अनुसार कम्पनी दर्ता भएर सञ्चालनमा रहेको हुनुपर्नेछ । यस विधामा विगत ४ वर्षको अवधिमा दर्ता भएका कम्पनीहरूले आवेदन दिन सक्नेछन् ।

२, प्रडक्ट आईसीटी अवार्ड

आईसीटी प्रडक्ट अवार्डमा कुनै नेपाली कम्पनी, संस्था, समूह वा व्यक्तिले विकास गरेको आईटी तथा इनोभेटिभ प्रडक्टलाई नोमिनेसन दर्ता गराउन सकिनेछ । वि.स २०७९ सालमा सार्वजनिक भएका आईटी प्रडक्टहरूलाई लिएर यस विधामा नोमिनेसन दर्ता गर्न सकिन्छ ।

३, राइजिङ स्टार इनोभेसन आईसीटी अवार्ड

राइजिङ स्टार इनोभेसन आईसीटी अवार्डमा कलेज तथा विश्वविद्यालयका विद्यार्थीहरू तथा ३० वर्ष मुनिका युवाहरुको इन्डस्ट्री प्रोजेक्ट रिसर्च, आइडिया, इनोभेसन तथा प्रडक्टहरूलाई लिएर नोमिनेसन दर्ता गर्न सकिनेछ ।

४, प्रोफेसनल एक्सिलेन्स आईसीटी अवार्ड

यस वर्ष थप भएको प्रोफेसनल एक्सिलेन्स आईसीटी अवार्ड विधामा आईसीटी क्षेत्रसँग सम्बन्धित रहेर कम्तीमा ५ वर्षको अनुभवसँगै यस क्षेत्रमा पुर्‍याएको महत्वपूर्ण योगदान, विशेष कामको आधारमा आईसीटी प्रोफेसनलहरुले नोमिनेसन दर्ता गर्न सक्नेछन् ।

५, पायोनियर आईसीटी अवार्ड

यो अवार्ड, सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा विशिष्ट योगदान दिएका अग्रज व्यक्तिलाई प्रदान गरिन्छ । यस विधामा नोमिनेसन दर्ता गर्न यस क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव आवश्यक पर्दछ ।

६, नेपाली डायस्पोरा आईसीटी अवार्ड

नेपाली मूलका व्यक्ति, जो विदेशमा बसेर पनि आईसीटीको माध्यमबाट देश र यस क्षेत्रमा पुर्‍याएको योगदानको आधारमा यस विधामा नोमिनेशन दर्ता गर्न सकिने छ ।

७, आन्टरप्रेनर आईसीटी अवार्ड

आन्टरप्रेनर आईसीटी अवार्ड, सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा क्रियाशील नेपाली उद्यमीलाई दिइनेछ । नोमिनेशनको लागि आईसीटी उद्यमीको रुपमा कम्तीमा ७ वर्षको अनुभव आवश्यक रहेको छ ।

८, वुमन आइकन आईसीटी अवार्ड

वुमन आइकन आईसीटी अवार्ड, सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा क्रियाशील नेपाली महिलाहरूका लागि लक्षित छ । यस विधामा उद्यमी, नेतृत्वकर्ता, प्रोफेसनल तथा आईसीटीको क्षेत्रमा उदाहरणीय काम गरेका महिलाहरुले नोमिनेसन दर्ता गर्न सक्नेछन् ।

९, डिजिटल एजुकेशन आईसीटी अवार्ड (पब्लिक सेक्टर)

डिजिटल एजुकेशन आईसीटी अवार्ड, आईसीटीको प्रयोगमार्फत शिक्षा क्षेत्रलाई आधुनिक तथा प्रविधिमैत्री बनाउँदै शिक्षण सिकाई तथा व्यवस्थापनमा उदाहरणीय काम गरेका सरकारी तथा सामुदायिक शैक्षिक संस्थाहरुले नोमिनेसन दर्ता गर्न सक्नेछन् ।

१०, डिजिटल एजुकेशन आईसीटी अवार्ड (प्राइभेट सेक्टर)

डिजिटल एजुकेसन आईसीटी अवार्ड आईसीटीको प्रयोगमार्फत शिक्षा क्षेत्रलाई आधुनिक तथा प्रविधिमैत्री बनाउँदै शिक्षण सिकाइ तथा व्यवस्थापनमा उदाहरणीय काम गरेका निजी शैक्षिक संस्थाहरुले नोमिनेसन दर्ता गर्न सक्नेछन् ।

११, डिजिटल गभर्नेन्स आईसीटी अवार्ड

यस विधामा सरकारी सेवा तथा सुविधालाई डिजिटलिकरण गर्दै नागरिकलाई सहज, सरल किसिमले प्रविधिमैत्री सेवा दिन प्रयासरत सरकारी संस्था, निकाय, विभाग वा पालिकाहरूले नोमिनेसन दर्ता गर्न सक्नेछन् ।

१२, डिजिटल सर्भिसेस आईसीटी अवार्ड

यस विधामा निजी क्षेत्रका संस्था, लिमिटेड वा सर्वसाधारणलाई डिजिटल तथा अनलाइनमार्फत सेवा दिइरहेका कम्पनीहरूले नोमिनेसन दर्ता गर्न सक्नेछन् । यस विधामा आईटी तथा सफ्टवेयर कम्पनीहरू बाहेक अन्य सेवामूलक निजी क्षेत्रका कम्पनीहरूले सहभागीता जनाउन सक्नेछन् ।

१३, साउथ एसिया स्टार्टअप आईसीटी अवार्ड

यस विधामा दक्षिण एसियाली देशहरु भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, माल्दिभ्स, भुटान, अफगानिस्तान र नेपालका स्टार्टअपहरुले सहभागीता जनाउन सक्नेछन् । पाँच वर्षसम्मका स्टार्टअपहरुले यस विधामा नोमिनेसन दर्ता गर्न सकिनेछ । ***-हाम्राकुरा डटकम***

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य, मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पाल्पा अस्पताल, पाल्पा

मौजुदा सूची (standing list) सम्बन्धी सूचना

मिति : २०८०/५/५

पाल्पा अस्पताल पाल्पाको लागि आ.ब. २०८०/०८१ मा आवश्यक पर्ने तपशिलमा उल्लेखित विवरणहरु आपूर्ति गर्न चाहाने इच्छुक आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवा प्रदायकहरुले सार्वजनिक खरिद ऐन २०६४ तथा नियमावली २०६५ बमोजिम फर्म, कम्पनी, विक्रेता वा अधिकृत विक्रेताहरुले आफ्नो दर्ता प्रमाण पत्रको प्रतिलिपि, प्यान वा भ्याटमा दर्ता भइ अद्यावधिक गरेको प्रमाण पत्रको प्रतिलिपि, नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि, नियमानुसार कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि साथै तपशिलमा उल्लेखित बुदाहरुको लागि छुट्टाछुट्टै निबेदन सहित (रु १० को हुलाक टिकट निवेदनमा टाँस गरी) कार्यालयमा दर्ता गुर्नु हुन सूचित गरिन्छ ।

तपशिल :

सि.नं.	विवरण
१	मसलन्द तथा स्टेसनरी सामानहरुको आपूर्ति सम्वन्धी काम
२	छपाइ सामानको आपूर्ती सम्वन्धी
३	सवारी साधनका पाटपुर्जा सप्लाइ तथा मर्मत आपूर्ती सम्वन्धी
४	कन्सल्टेन्सी, सर्भे तथा डिजाइन आपूर्ती सम्वन्धी
५	औषधी तथा औषधीजन्य सामान आपूर्ती सम्वन्धी
६	सर्जिकल सामान आपूर्ती सम्वन्धी
७	ल्याव सामाग्री आपूर्ती सम्वन्धी
८	मेडिकल इक्युपमेन्ट आपूर्ती सम्वन्धी
९	एक्सरेजन्य सामान आपूर्ती सम्वन्धी
१०	सूचना प्रकासन आपूर्ती सम्वन्धी
११	फर्निचर फर्निसिङ्ग सामानहरु आपूर्ति तथा मर्मत सम्वन्धी
१२	कम्प्यूटर, प्रिन्टर, यूपिएस, फोटोकपी, फ्याक्स टेलिफोन, लाइन सेट लगायत अन्य विद्युतिय सामानको आपूर्ती तथा मर्मत सम्वन्धी
१३	कार्यालयको सुरक्षा तथा सरसफाइ आपूर्ती सम्वन्धी
१४	पिउने पानी /सरसफाइ पानी आपूर्ती सम्वन्धी
१५	पेट्रोलियम पदार्थ तथा इन्धन आपूर्ती सम्वन्धी
१६	इन्टरनेट तथा सञ्चार सम्वन्धी

निमित्त मेडिकल सुपरिटेन्डेण्ट
पाल्पा अस्पताल, तानसेन पाल्पा

रैनादेवी छहराको बेलवासमा अस्थायी प्रहरी चौकी

अस्थायी प्रहरी पोष्ट वेलव
रैनादेवी छहरा गा.पा.-७, बल्ढेङगढी
बेलवास, पाल्पा
स्था:२०८०
District Police Office: 075-
Police Control: 100
Email: Dpopalpa@nepalp

कृष्ण पोखरेल —

पाल्पा भदौ ४/जिल्लाको रैनादेवीछहरा गाउँपालिका -७ बल्ढेङ्गगढीको बेलवासमा अस्थायी प्रहरी चौकी स्थापना भएको छ । अस्थायी प्रहरी चौकीको प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोला र गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराईले संयुक्त रुपमा शुभारम्भ गरेका छन् ।

प्रहरी चौकी शुभारम्भ गर्दै प्रमुख जिल्ला अधिकारी बास्तोलाले प्रहरी चौकीमा कार्यरत प्रहरीहरुलाई जनताको अपेक्षा अनुसार काम गर्न तथा सुसासन कायम गर्न अनुरोध गरे । बल्ढेङ्गगढीको बेलवास क्षेत्र पहाडी ५ जिल्ला र तराई जोड्ने महत्वपूर्ण नाकाको रुपमा विकसित भईरहेकाले जनताको शान्ती सुरक्षा कायम गर्न चौकी स्थापना गरिएको प्रमुख जिल्ला अधिकारी बास्तोलाले बताए । प्रहरी चौकी स्थापना संगै यस क्षेत्रमा भईरहेको काठ, ढुङ्गा गिट्टी, बालुवाको अवैध चोरी निकासी रोकिने, बढ्दो सवारी दुर्घटना नियन्त्रण हुने, घरेलु हिंसा नियन्त्रण हुने, पालिकाबाट अवैध रुपमा निकासी हुने जडिबुटी कारोबार नियन्त्रण हुने, लागु पदार्थ सेवन तथा ओसार पसार नियन्त्रण हुने प्रमुख जिल्ला अधिकारी बास्तोलाले बताए । गाउँपालिकाको विशेष पहलमा चौकी स्थापना भएको प्रजिअ बास्तोलाले बताए । गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराईले निर्वाचनको समयमा जनताको घरदैलो गर्दा जनताको अवस्था, शान्ती सुरक्षा कायम राख्न, लामो मिहेनत र प्रयासपछी चौकी स्थापना गर्न सफल भएको बताए । चौकी स्थापनाले यस क्षेत्रको विकास निर्माणदेखी पालिकाको राजश्व वृद्धिमा समेत टेवा पुग्ने विश्वास दिइएको अध्यक्ष भट्टराईले बताए । विगतमा हुँदै आएका हरेक किसिमका अवैध गतिविधीहरु समेत चौकी स्थापनासंगै रोकिने पालिका अध्यक्ष भट्टराईले बताए । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक हेरम्व शर्माले प्रहरी भनेको जनताको सेवक र कानुन कार्यान्वयन गर्ने संस्था भएकाले जनताको भावना अनुसार काम गर्ने बताए । तराई ढोरपाटन राजमार्ग क्षेत्रको मुख्य नाका क्षेत्र बल्ढेङ्गगढीको बेलवास भएकाले शान्ती सुरक्षा कायम राख्न, जनताको जिउधनको रक्षा गर्न चौकी स्थापना गरिएको प्रहरी उपरीक्षक शर्माले बताए । यसबाट धेरै मात्रामा काठ तथा नदिजन्य पदार्थ अवैध रुपमा ओसार पसार हुने, रुपन्देहीबाट भागेर यस क्षेत्रमा आई लागु पदार्थ सेवन गर्ने तथा कारोवार गराउने र अत्याधिक दुर्घटनाको कारण गएको बर्ष २ वटा ठूला-ठूला दुर्घटना भएको अवस्थालाई मध्य नजर गरी पहिलो चरणमा ६ जनाको दरवन्दी कायम रहने गरी अस्थायी प्रहरी चौकी स्थापना भएको पाल्पा प्रहरी प्रमुख शर्माले बताए । गाउँपालिकाका प्रवक्ता तथा ७ का वडा अध्यक्ष देवेन्द्र पुनले २०६४ साल देखी यस क्षेत्रमा प्रहरी चौकीको माग गर्दै आएको भए पनि गाउँपालिकाका अध्यक्षको पहलमा प्रमुख जिल्ला अधिकारी तथा प्रहरी प्रमुखको सहयोग र समन्वयमा चौकी स्थापना भएको बताए । अबका दिनमा यस क्षेत्रमा जनताले राहत महशुस गर्ने प्रवक्ता पुनले बताए । कार्यक्रममा सैनामैना नगरपालिका- १० सालझण्डीका वडा अध्यक्ष कृष्ण घिमिरेले रुपन्देही क्षेत्रमा अपराध गर्ने व्यक्तिहरु यस क्षेत्रमा आई लुकिछिपी बस्ने, लागु पदार्थको कारोबार गर्ने र सेवन गर्ने जस्ता गतिविधी गर्ने भन्दै प्रहरी चौकी स्थापना संगै ति रोकिने विश्वास व्यक्त गरे । कार्यक्रममा नेपाली काँग्रेसका हिमाल कुमार कार्की, नेकपा एमालेका झपेन्द्र बहादुर रायमाझी, वडा नं ७ का वडा सदस्य सूर्य बहादुर कार्की लगायतले प्रहरी चौकी स्थापना जनताको भावना अनुसार भएको बताए । जिल्ला प्रहरी कार्यालय पाल्पाले चौकीमा प्रहरी सहायक निरिक्षक विष्णु कुमार रेग्मीको कमाण्डमा ६ जना प्रहरी खटाएको छ । गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराईको अध्यक्षता, प्रवक्ता देवेन्द्र पुनको स्वागत र प्रमुख प्रशासकीय अधिकृत दिनेश सारुको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

साफ यू-१६ का लागि टोली सार्वजनिक

काठमाडौं, भदौ ४/अखिल नेपाल फुटबल संघ (एन्फा) ले आगामी यू–१९ साफ च्याम्पियनसिपका लागि बन्द प्रशिक्षण सञ्चालन गर्न ३५ जना खेलाडीलाई बोलाएको छ । यू–१९ साफ च्याम्पियनसिप फुटबल आगामी सेप्टेम्बर २१ देखि ३० सम्म काठमाडौंमा आयोजना हुनेछ ।

जिल्ला, प्रदेश र केन्द्रीय स्तरको छनोट प्रतियोगितापछि बन्द प्रशिक्षणका लागि ३५ जना खेलाडी चयन गरिएको एन्फाले जनाएको छ । घोषित टोलीमा गोलरक्षकका रुपमा कृशल मोक्तान, जियारथ शेख, रुबिन बोगटी, चन्द्रसुन्दर श्रेष्ठ र अमित टमटा रहेका छन् । डिफेन्डरमा सिमान्त थापा, प्रितम कार्की, विशाल नेपाली, विक्रम तामाङ, आयुष तिम्सिना, आश्विन घोरासैनी, दीपक थापामगर, राम थापा, निनसङ लिम्बु, निशान्त तामाङ, गौरव महर्जन र पाल्देन गुरुङ रहेका छन् । मिडफिल्डरमा कुशल देउवा, लक्षु थापा, सरोज दर्लामी, प्रशान्त लक्सम, अविनाष स्याङ्ताङ, असिमजंग कार्की, अनिल बोम्जन, मनिष जर्गामगर, धनसिंह बीक, हरिषराज भट्ट, निरोज कार्की र नेल्सन तामाङ रहेका छन् । बन्द प्रशिक्षण सञ्चालनका लागि बोलाइएका स्ट्राइकरहरुमा समिर तामाङ, निरञ्जन धामी, सुजन डंगोल, सिद्धार्थ अधिकारी, योगेन्द्र कार्की र माइकल गर्बुजा रहेका छन् ।

अर्थ/कर्पोरेट समाचार

नेप्से दोहोरो अंकमा गिरावट

पाल्पा भदौ ४/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अंकमा गिरावट भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार सोमबार नेप्से परिसूचक १२ दशमलव ९३ अंकले ओरालो लागेर एक हजार नौ सय ९८ दशमलव २८ मा सीमित भएको हो ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक एक दशमलव ५० अंकले ओरालो लागेर तीन सय ८२ दशमलव ६२ मा सीमित भएको छ । कूल ४१ लाख ६३ हजार आठ सय ७२ कित्ता शेयर रु एक अर्ब ४० करोड ८९ लाख ८१ हजार छ सय एक मूल्यमा कारोबार भएको छ । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु आठ करोड दुई लाख ४७ हजार दुई सय ३४ मूल्यमा कारोबार भयो । यस्तै, आइएमई लाइफ इन्स्योरेन्स रु पाँच करोड ८३ लाख ७७ हजार दुई सय ८८, सोल्टी होटल रु पाँच करोड ७८ लाख ६१ हजार नौ सय ५०, घोराही सिमेन्ट रु पाँच करोड छ लाख १२ हजार चार सय ६१ र हिमालयन डिस्टिलरी रु चार करोड ४२ लाख ३५ हजार दुई सय तीन बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार, लक्ष्मी लघुवित्त र कुर्थली बुखरी स्मल हाइड्रोपावरको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सामलिङ पावर कम्पनी पाँच दशमलव १८, सुपर मादी हाइड्रोपावर तीन दशमलब ८२ र सयपत्री हाइड्रोपावरका लगानीकर्ताले दुई दशमलव ९० प्रतिशतले कमाएका छन् । यस्तै, मेछ्यान हाइड्रोपावर सात दशमलव ९९, हिमालयन पावर पार्टनर पाँच दशमलव ७७, कृषि विकास बैंकको ऋणपत्र पाँच दशमलव ५९, भूगोल इनर्जी पाँच दशमलव १६ र बलेफी हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलब शुन्य चार प्रतिशतले गुमाएका छन् ।

आलोचना टार्न सीईआबीले लियो नेपाल र भट्टराईसँग बयान

पाल्पा, भदौ ४/सरकारको आलोचना टार्न केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई बयान लिएको छ ।

ललिता निवास र त्यसले चर्चेको सरकारी जग्गा हिनामिना प्रकरणका निर्णयाधिकारी नेपाल र भट्टराईलाई 'सामान्य सोधपुछ' समेत नगरी उन्मुक्ति दिने प्रयास भएको भन्दै सर्वत्र आलोचना भएपछि सीआइबीले बयान लिएको हो । आफ्नो अनुसन्धान प्रतिवेदन बुझाउने तयारी गरिरहँदा आइतबार राति सीआईबीले सरकारको आलोचना टार्न कै लागि भए पनि नेपाल र भट्टराईसँग बयान लिएको छ । सीआईबीले उनीहरूसँग सोधपुछ कागज गरेको हो । सीआईबीले बयान लिने तयारी गरिरहेका बेला सत्ता गठबन्धन दलको दबाबमा नेपाल र भट्टराईसँग बयान नलिई अनुसन्धान टुंग्याउन लागेको थियो । उनीहरुसँग बयान नलिइकन सीआईबीले आइतबार ललिता निवास जग्गा प्रकरणबारे जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाउने तयारी गरेको थियो । मन्त्रिपरिषद्बाट निर्णय गराउने मुख्य व्यक्तिसम्मै अनुसन्धान गर्न सर्वोच्च अदालतले दिएको आदेश पालना नगर्दा अवहेलनाको मुद्दा लाग्न सक्ने भन्दै नेपाल र भट्टराईसँग बयान नगरी रायसहितको प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाउन नसकिने अडान सीआईबीका अधिकारीहरूले लिएपछि प्रतिवेदन बुझाउनुअघि बयान लिएको स्रोतले जनाएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५–५२०६०१

शिक्षक आवश्यकता

प्रकाशित मिति : २०८०/०५/०४

शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको चलानी नं.१३८ मिति २०८०/०५/०४ को पत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०५/०१ को निर्णय अनुसार यस विद्यालयमा रिक्त मा.वि तह तृतीय श्रेणी विज्ञान विषय शिक्षक पदमा करारमा शिक्षक नियुक्तिको लागि योग्य इच्छुक नेपाली नागरिकबाट तपशिल अनुसार दरखास्त आह्वान गरिन्छ ।

तपशिल :

विज्ञापन नं. : २/२०८०/०८१, **पद तथा संख्या:** शिक्षक (करार) १ जना
तह : माध्यमिक, **श्रेणी :** तृतीय, **विषय :** विज्ञान
न्युनतम शैक्षिक योग्यता : शिक्षाशास्त्रमा स्नातक उत्तीर्ण वा सो सरह
उमेर : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
तलब भत्ता : नेपाल सरकारले तोके अनुसार
निवेदन दिनुपर्ने मिति : २०८०/०५/०४ गते देखि २०८०/०५/१८ गते विद्यालय समयसम्म
सम्पर्क मिति : २०८०/०५/१९ गते ०१ बजे
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ
परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता, **निवेदन दस्तुर :** रु १०००/-
पेश गर्नुपर्ने आवश्यक कागजातहरु : नेपाली नागरिकताको प्रमाणपत्र, आफुले हासिल गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र र स्थाई अध्यापन अनुमति पत्र प्रत्येकको २/२ प्रति प्रमाणित प्रतिलिपि दरखास्त साथ संलग्न हुनुपर्ने, परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनुपर्ने
थप जानकारीको लागि सम्पर्क : ९८५७०६२८१५
पुनश्च: कम्प्युटर सीप भएको, अंग्रेजी भाषामा दख्खल भएको, माथिल्लो योग्यता भएको अनुभवी उमेद्वार भएमा अझ राम्रो मानिनेछ ।

श्री भैरव नवदीप माध्यमिक विद्यालय
रैनादेवी छहरा-४, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई